# सोलुखुम्बु कृषि गतिविधि

**कृषि ज्ञान केन्द्र सोलुखुम्बुको द्वैमासिक प्रकाशन**

कृषि मूलश्च जीवनम्   *The Solukhumbu Agricultrue Activities*

बर्ष २ | अङ्क ३ | मंसिर-पुष २०७८/०७९

**संरक्षक :**

श्री दुर्गा बहादुर तिरुवा,

कृषि प्रसार अधिकृत

**सम्पादक :**

श्री बबि बस्नेत

बाली संरक्षण अधिकृत

श्री प्रदिप कुमार यादव

कृषि प्रसार अधिकृत

श्री कुल बहादुर राई

अधिकृत स्तर छैटौं

श्री आदर्श कुमार सिंह

प्राविधिक स्तर पाँचौं

**मुद्रण :**

ज्वालामाई अफसेट प्रेस

फोन नं. ०३८-५२०३८९

ईमेल :

ychamling@gmail.com

## सम्पादकीय

नेपालको कुल जनसंख्याको करिब दुई तिहाई जनसंख्या कृषि पेशामा आबद्ध रहेका छन् । कृषि तथा वन क्षेत्रको कुल ग्राहस्थ उत्पादनमा प्रदेश न.१ ले मात्रै ३६.३७ प्रतिशत योगदान गर्छ । संघिय लोकतान्त्रिक गणतन्त्रको निर्माण संगै संघ, प्रदेश र स्थानिय तह गरी तीन तहको सरकार रहेको विद्यमान संरचनामा प्रदेश सरकारको कार्यालय अन्तर्गत कृषि ज्ञान केन्द्र सोलुखुम्बुको स्थापना आ.व. ०७५/०७६ मा भएको हो । स्थानीय निकायहरुसंग समन्वय गर्ने तथा कृषि क्षेत्रमा व्यवसायिकरण आधुनिकरण गर्नुका साथै समग्र कृषि उत्पादनलाई प्रवर्द्धन गरि सोलुखुम्बु जिल्ला साथै समग्र देशलाई कृषिमा आत्मनिर्भर बनाउने यस कार्यालयको लक्ष्य हो ।विषय विशेषज्ञहरुको टिम रहने ज्ञान केन्द्रमा स्थानीय स्तरमा आइपर्ने कृषकका समस्याहरुको प्राविधिक समाधान तुरुन्त उपलब्ध गराउने काम कृषि ज्ञान केन्द्र सोलुखुम्बुले गर्दै आएको छ। त्यसैगरी स्थानीय तहमा रहेका कृषि प्राविधिकहरुलाई समय समयमा उन्नत प्रविधिहरु सम्बन्धी क्षमता अभिवृद्धिका साथै कृषकहरु सिपमुलक तालिमहरु उपलब्ध गराउने जिम्मेवारी पनि ज्ञान केन्द्रले बहन गर्नुपर्ने हुन्छ ।

स्थानीय समस्यामा आधारित भएर माटोको खाद्य तत्वको परीक्षण गर्ने Soil Minilab, प्रयोगशाला सेवाहरु, प्राविधिक र कृषकहरुको क्षमता विकास, कृषि इन्टर्न, कृषि तथ्याङ्कहरु संकलन, कृषि व्यवसाय विकास सहयोग, कृषि व्यवसाय प्रवर्द्धनका लागि अनुदानका काम लगायत संघ र स्थानीय तह बिच सेतुको काम गर्ने जिम्मेवारी रहेको ज्ञान केन्द्रले स्थापनाको सुरुवाती वर्षहरु बाटनै कार्यविवरण अनुसारकै कार्यहरु गर्दै आएकोछ । संघीय संरचनामा मुलुक गएको परिपेक्षमा कृषि सेवा प्रवाहको सबै भन्दा सशक्त माध्यम हुन सक्ने, र तीनै तहका सरकारहरु बिचमा सेतुको काम गर्न सक्ने ज्ञानकेन्द्रहरुलाई सबैले अपनत्व लिदै यसलाई प्रभावकारी रुपमा सञ्चालन गर्दै आवश्यकता अनुसार थप गर्दै लैजान सकेमा कृषि विकास मार्फत सम्वृद्ध नेपाल बनाउने सपनामा महत्वपूर्ण योगदान पुग्न सक्नेमा दुईमत छैन ।

प्रदेश सरकार

प्रदेश नं. १

भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

**कृषि ज्ञान केन्द्र सोलुखुम्बु**

फोन नं. : ०३८-५२०१३०, ९८५२८५११३०

ई-मेल : akcsolukhumbu@gmail.com

### यस भित्र :-

- अनुदानग्राहि छनौट कार्यक्रम
- पुरानो ब्लक विकास कार्यक्रमका लागी सुचना प्रकाशन
- नयाँ ब्लक विकास कार्यक्रमका लागी सुचना प्रकाशन
- फिल्ड भेरिफिकेशन कार्यक्रम
- जैविक तथा वानस्पतिक विषादी प्रयोग विस्तार कार्यक्रम
- बाली उपचार शिविर कार्यक्रम
- माटो परिक्षण शिविर कार्यक्रम
- द्वैमासिक समन्वय तथा तथ्यांक अद्यावधिक बैठक कार्यक्रम
- अमिला जातका फलफुलमा लाग्ने कीराहरु र तिनको व्यवस्थापन

## अनुदानग्राहि छनौट कार्यक्रम

कृषि ज्ञान केन्द्र सोलुखुम्बुको आ.व. २०७८/७९ को स्वीकृत कार्यक्रम अनुसार जिल्ला समन्वय समितिका प्रमुख श्री वीर कुमार राई ज्यूको प्रमुख अध्यक्षतामा प्रस्ताव दर्ता गराएका कृषक, कृषक समूह, व्यवसायिक कृषक, फार्म, सहकारी संस्था मध्येबाट मिति २०७८/०८/०७ गतेका दिन अनुदानग्राहि छनौट गरि छनौटमा परेका तपसिलका कृषक, कृषक समुह, व्यवसायिक कृषक, फार्म, सहकारी संस्थाहरु मिति २०७८/०८/०७ गते देखि २०७८/०८/१३ गते सम्ममा सम्झौता गर्न आउन भनि सुचना प्रकाशित गरियो ।



कृषि ज्ञान केन्द्र सोलुखुम्बु

निमित प्रमुख

## पुरानो ब्लक विकास कार्यक्रमका लागी सुचना प्रकाशन

कृषि ज्ञान केन्द्र सोलुखुम्बुको आ.व. २०७८/७९ को स्वीकृत कार्यक्रम अनुसार प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत पुरानो ब्लक विकास कार्यक्रमको निरन्तरता तथा सम्झौता गर्न संचालाक समुह तथा सहकारीहरुले मिति २०७८/०८/१७ गते सम्म सम्झौता गर्न आउन भनि मिति २०७८/०८/०८ गते सुचना प्रकाशन गरियो ।




कृषि ज्ञान केन्द्र, सोलुखुम्बु

निमित प्रमुख

## नयाँ ब्लक विकास कार्यक्रमका लागी सुचना प्रकाशन

कृषि ज्ञान केन्द्र सोलुखुम्बुको आ.व. २०७८/७९ को स्वीकृत कार्यक्रम अनुसार प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत नयाँ ब्लक विकास कार्यक्रम संचालन गर्नुपर्ने भएकोले ईच्छुक कृषक समुह, कृषि सहकारी

संस्था, कृषि फार्महरुले आवश्यक कागजातहरु सहित मिति २०७८/०८/०८ गते सम्म सम्झौता गर्न आउन भनि मिति २०७८/०८/१७ गते सम्ममा आवेदन दर्ता गर्न आउन भनि मिति २०७८/०८/०८ गतेमा दिन सुचना प्रकाशन गरियो ।


प्रदेश सरकार
भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र सोलुखुम्बु

प.सं.०७८/७९
च.नं. १६९

नं.१ प्रदेश, नेपाल
मिति

**नैंया ब्लक विकास कार्यक्रम संचालन गर्ने सम्बन्धी सुचना**
प्रथम पटक प्रकाशित मिति: २०७८/०८/०८

कृषि ज्ञान केन्द्र सोलुखुम्बुको चालु आ.व. २०७८/७९ को प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना तर्फको स्वीकृत वार्षिक नैंया ब्लक विकास कार्यक्रम अनुसार परीयोजना कार्यान्वयन म्यानुअल २०७७ बमोजिमका कार्यक्रमहरु संचालन गर्नु पर्ने भएकोले ईच्छुक कृषक समुह, कृषि सहकारी संस्था, कृषि फर्महरुले आवश्यक कागजातहरु सहित यो सुचना प्रकाशित भएको मितिले १० दिन भित्र अर्थात २०७८/०८/०८ देखि २०७८/०८/१७ गते भित्र यस कृषि ज्ञान केन्द्र सोलुखुम्बुमा तोकिएको ढाँचा अनुसुची-१० अनुसार आवेदन दर्ता गर्नु हुन सम्बन्धित सबैमा जानकारी गराईन्छ।

**नैंया ब्लक संचालन हुने कार्यक्षेत्रहरु:**

| क्र.स. | ब्लक संचालन हुने स्थानिय तहको नाम | वडा नं | बाली | न्युनतम क्षेत्रफल (रो.) | कैफियत |
|---|---|---|---|---|---|
| १. | नेचासल्यान गाँउपालिका | ३,५ | ओखर | कम्तिमा ६०० रोपनी | |
| २. | माप्य दुधकोशी गाँउपालिका | २,६ | ओखर | कम्तिमा ६०० रोपनी | |
| ३. | सोलु दुधकुण्ड नगरपालिका | १,२ | आलु | कम्तिमा ४०० रोपनी | |

**निवेदनका साथ संलग्न गर्नु पर्ने कागजातहरु:**

१. रु. १०/- को हुलाक टिकट टाँस गरिएको अनुसुची -१० बमोजिमको ढाँचामा आवेदन ।
२. सम्बन्धित निकायमा कृषक समुह, कृषि सहकारी संस्था, कृषि फर्म दर्ता तथा नविकरण भएको प्रमाण पत्रको प्रतिलिपी ।
३. कृषक समुह, कृषि सहकारी संस्था, कृषि फर्महरुको बैठकको निर्णयको प्रतिलिपी ।
४. कार्यक्रम संचालन हुने जग्गाको स्वामित्व खुल्ने धनिपुर्जा वा भाडाको जग्गा भएमा कम्तिमा ५ बर्षको करार सम्झौतानामा ।
५. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि ।
६. कार्य समितिको निर्णयको प्रतिलिपी ।
७. PAN वा VAT दर्ताको प्रमाणपत्रको प्रतिलिपी ।
८. गत आ.व. २०७७/७८ को लेखा परिक्षण प्रतिलिपी वा कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी ।
९. सम्बन्धित स्थानिय तह वडा कार्यालयको सिफारिस पत्र ।
१०. स्थानिय तह कृषि शाखाको सिफारिस पत्र ।
११. विगतका बर्षहरुमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाबाट अनुदान नलिएको घोषणा पत्र ।

निमित्त प्रमुख

थप जानकारीका लागी कार्यालयको फोन नं. ०३८-५२०१३० वा सुचना अधिकारी श्री कुल बहादुर राईको फोन नं. ९८६२८३०१५५ मा सम्पर्क राख्न सकिने छ।

## फिल्ड भेरिफिकेशन कार्यक्रम

कृषि ज्ञान केन्द्र सोलुखुम्बुको आ.व. २०७८/७९को स्वीकृत कार्यक्रम अनुसार संघय र प्रदेश मन्त्रालय अन्तर्गतका विभिन्न कार्यक्रमहरुको कृषककै फिल्डमा गएर फिल्ड भेरिफिकेशन कार्यक्रम समपन्न ।





## जैविक तथा वानस्पतिक विषादी प्रयोग विस्तार कार्यक्रम:

कृषि ज्ञान केन्द्र सोलुखुम्बुको आ.व. २०७८/७९ को स्वीकृत कार्यक्रम अनुसार जैविक तथा वानस्पतिक विषादी प्रयोग विस्तार कार्यक्रम महाकुलुङ गाँउपालिका वडा नं. ३ छेस्काममा मिति २०७८/०९/१७ गतेका दिन महाकुलुङ गाँउपालिका उपाध्यक्ष विपना कुलुङको अध्यक्षतामा समापन गरियो । कार्यक्रममा खारुवाखाप्सको कृषक समुहका २५ जना कृषकहरुलाई झोलमल र जैविक मल बनाउने प्रयोगात्मक ज्ञान दिनुका साथै आवश्यक सामाग्री जस्तै प्लाष्टिक, ड्रम, जीवातु, स्प्रेयर, जैविक विषादी छर्दा प्रयोग हुने सामाग्री वितरण गरियो । कार्यक्रममा जैविक विषादीको परिचय, महत्व र बनाउने विधिका बारेमा कक्षा संचालन गरि तालिम पनि दियो ।





### बाली उपचार शिविर कार्यक्रमः

कृषि ज्ञान केन्द्र सोलुखुम्बुको आ.व. २०७८/७९ को स्वीकृत कार्यक्रम अनुसार बाली उपचार शिविर कार्यक्रम महाकुलुङ गाँउपालिका वडा नं. ३ छेस्काममा मिति २०७८/०९/१६ गतेका दिन महाकुलुङ गाँउपालिका उपाध्यक्ष विपना कुलुङ राईको अध्यक्षतामा समापन गरियो। कार्यक्रममा ५० जना कृषकहरुलाई निशुल्क रुपमा विरुवामा लागे को रोग र कीराको प्रकृति हेरी आवश्यक पर्ने निम आयल फेरोमोन ट्र्याप ट्राईकोड्मा पहेंको पासो निउ लाईट आदि वितरण गरिएको थियो। साथै त्यस कार्यक्रममा कृषकको समस्या उपर उचित परामर्श पनि दिएको थियो।





### माटो परिक्षण शिविर कार्यक्रमः

कृषि ज्ञान केन्द्र सोलुखुम्बुको आ.व. २०७८/७९ को स्वीकृत कार्यक्रम अनुसार माटो परिक्षण शिविर कार्यक्रम महाकुलुङ गाँउपालिका वडा नं. ३ छेस्काममा मिति २०७८/०९/१६ गतेका दिन समापन गरि यो।कार्यक्रममा १०० जना कृषकहरुको माटोको नमुना किट बक्सको माध्यमबाट परिक्षण गरिएको थियो। धेरै जसो कृषकहरुको माटोको नमुनामा नाईट्रोजन र पोटास अधिक मात्रमा थियो भने फस्फोरस मात्र कम पाईएको थियो। पि एच मान थोरै मात्रामा अम्लियपन थियो जसले गर्दा कृषि चुन पनि वितरण गरियो।





## द्वैमासिक समन्वय तथा तथ्यांक अद्यावधिक बैठक कार्यक्रम

कृषि ज्ञान केन्द्र सोलुखुम्बुको आ.व. २०७८/७९ को स्वीकृत कार्यक्रम अनुसार आठै वटा स्थानिय तह सोलुदुधकुण्ड नगरपालिका, थुलुङ दुधकोशी गाँउपालिका, नेचासल्यान गाँउपालिका, लिखुपिके गाँउपालिका, माप्पे दुधकोशी गाँउपालिका, सोताङ गाँउपालिका, खुम्बु पासाङ गाँउपालिका र महाकुलुङ गाँउपालिकामा कार्यरत कृषि प्राविधिकहरुसँगको द्वैमासिक समन्वय तथा तथ्यांक अद्यावधिक बैठक कार्यक्रम मिति २०७८/०९/२१ गते सम्पन्न गरियो । बैठकमा कृषि ज्ञान केन्द्र सोलुखुम्बु र स्थानिय तहका प्राविधिकहरु सहभागि भएका थिए ।







**लेखकः बबि बस्नेत**
**बाली संरक्षण अधिकृत (अधिकृत/सातौं)**
**कृषि ज्ञान केन्द्र सोलुखुम्बु**



## अमिला जातका फलफुलमा लाग्ने कीराहरु र तिनको व्यवस्थापन



### १. हरियो ठूलो पुतली (Lemon butterfly)

वयस्क पुतली ठूलो र रङ्गीबिरङ्गी हुन्छ। पछाडिको पखेटाको तल पुच्छर जस्तो सानो भाग निस्केको हुन्छ। लार्भा सानो हुँदा खैरो रङ्गको हुन्छ र पुर्ण विकसित लार्भा हरियो रङ्गको हुन्छ।

### क्षतिका प्रकार (Symptoms)

लार्भाले विरुवाको पात खाईविरुवालाई नाङ्गो पारी दिन्छ। बसन्त र शरद ऋतुमा यिनको आक्रमण बढी हुन्छ।

### व्यवस्थापन (Management Method)

- ☐ कीरा लागेर झरेका फलहरु जम्मा गरी नष्ट गिरिदिने।
- ☐ पहेँलो टासीने पासोको प्रयोग गरेर अनुगमन गर्नुपर्दछ।
- ☐ डेल्टामेथ्रिन २८% ई.सी. (डेसिस) विषादी २ एम. एल.प्रति लीटर पानीमा मिसाई छर्ने।

### २.फल कुहाउने औंसा (Fruit fly)

फल कुहाउने औसाहरु अति हानिकारक कीराहरु हुन्न। वयस्ककीराकरिब करिब घरको झिङ्गा जस्तै हुन्छ। पखेटा बाहिर पट्टि तन्केका हुन्छन्। वयस्क औसां सुन्तले-पहेँलो र खैरो रंगको शरिरमा पहेँलो धब्बा/धर्साहरु देखिन्छन् जसले गर्दा बारुलो को भान हुन्छ। अघिल्ला पखेटाहरुको अग्र भागमा फराकिलो गहिरो खैरो धब्बा हुन्छ। छातिको माथिल्लो भागमा पहेँलो तीन धर्साहरु हुन्छन्। पोथि झिँगाको अन्तिम पेट खण्डमा चुच्चो परेको लाम्चिलो फुल पार्ने अङ्ग स्पष्ट देख्न सकिन्छ।

### क्षतिका प्रकार

पोथि झिङ्गाले चिचिला जुनार अवस्थाको फलको बोक्रामुनि फुलहरु पार्दछ। फुल राखेको ठाँउको बोक्रा माथि धब्बा देखिन्छ। फुलहरुबाट औँसाहरु निस्की गुदी खाइदिन्छने र फललाई बिगारि दिन्छ। यसले गर्दा संक्रमित फल पहेँलिन्छ र झर्दछ। औँसा लागेका फलहरु मध्ये फलको तुलनामा हल्का हुन्छन्। बिग्रेको फल काटेर हेर्दा गुदीमा सेतो औँसा देखिन्छन्। औँसा परेका फलहरु खान योग्य हुदैँदनन्। यो झिँगा सुन्तला जातका फलहरुमा मात्र लाग्दछ। जुनार निबुवा भोगटे र किपफलहरुमा यो कीरा विघ्नै लाग्छ भने तुलनात्मक रुपमा सुन्तला जातका अर्काधरीका सुन्तला मुन्तला तिनपाते सुन्तला चखेत्रो बिमिरोमा कम लाग्दछ।

### व्यवस्थापन (Management Method)

- ☐ फलफूलको बोटमा पालुवा लागेको बेलामा र चिचिला लागिसकेपछि मालाथियन ५०% ई.सी. १मी.ली प्रति लीटर पानीमा मिसाई छर्ने।
- ☐ माटोमा मेटाराइजियम ढुसी प्रति रोपनी १ केजीको दरले मिसाउने।
- ☐ बिरुवामा कुनै गुलियो पदार्थमा मालाथियन विषादी मिसाई यसको लेप बनाई ठाउँ-ठाउँमा लगाई दिनाले वयस्क कीराहरु आकर्षित भई खान आई मदर्छना।सो कार्य पालुवा लाग्ने बेला देखि लिएर फल टिप्ने बेलासम्म गरेमा बढी प्रभावकारी देखिन्छ।
- ☐ कीरा लागेर झरेका फलहरुजम्मा गरी नष्टगिरिदिने।
- ☐ मिथायल युजिनल र मालाथियन ५०% ई.सी. को फेरोमेनट्र्याप राखी भाले झिँगा मार्ने।

### ३. कत्ले कीरा (Scale insect)

### पहिचान

यो कीराको रङ्ग रुखको कोक्राजस्तो हुने हुनाले सजिलै देखिदैन।

यो धेरै सानो, एकै ठाउँमा बसी रहने कुनै लाम्चिलोर बोक्रासगँ मिल्दोजुल्दो रङ्गको हन्छ। एउटा माउले आफ्नो जीवन चक्रमा करिब करिब १००-१५० सम्म बच्चा जन्माउन सक्दछन्।

### क्षेतिको प्रकार

कीराहरु एकै ठाँउमा टाँसिएर रस चुस्दै बस्दछन् रधेरै संख्यामा बसेर विरुवाबाट रस चुस्दछन जसले गर्दा विरुवाहरु रोगाएर जान्छन्। यी कीराहरुको प्रकोप धेरै भएको खण्डमा विरुवा पहिँलो हुने कलिला हाँगा र मुनाहरु सुक्ने

फलहरु झर्ने र बोटहरु मरेर जाने गर्दछन् ।

**व्यवस्थापन (Management Method)**

- ☐ कीरा लागेका बोटहरुएक ठाँउ देखी अर्को ठाँउ सार्नुहुदैन ।
- ☐ कीरा लागेका बोटहरु र हाँगाहरु काटी हटाउने र नष्ट गर्नुपर्छ ।
- ☐ कत्ले कीरा खाने मित्रजीव जस्तै खपटे कीराको संरक्षण गर्नुपर्छ ।
- ☐ फाल्गुण र चैत महिनामा एक एक पटक डाइमेथोयट ३०% इ.सी.१ एम. एल. प्रति लीटर पानीमा मिसाइ छर्किने गर्नु पर्दछ ।
- ☐ मट्टितेल र साबनुको झोल बनाई छर्ने र मेसीनको तेल कपडामा भिजाई पुछ्नेगर्नु पर्दछ ।
- ☐ खनिज तेल वा एट्सो १० देखी २० मिली प्रति लिटर पानीमा मिसाई बोट भिज्ने गरि १०-१२ दिनको फरकमा छर्नु पर्दछ ।

## ४.लाही कीरा (Aphid)

**पहिचान**

यो लाही सानो र अली कालो रङ्गको हुन्छ । बयस्क लाही कीराको पखेटा हुदैन ।

**क्षतिका प्रकार**

यी कीराले विरुवाबाट रस चुस्दछने र यसले आक्रमण गरेका विरुवाका पातहरुमा कालो ढुसी देखिन्छ ।

**व्यवस्थापन (Management Method)**

- ☐ सन्तुलित मलखादको प्रयोग गर्नुपर्दछ ।
- ☐ पहेँलो टासीने पासोको प्रयोग गरेर अनुगमन गर्नुपर्दछ ।
- ☐ लाही कीरा खाने मित्रजीव जस्तै स्त्री स्वभावका खपटे माकुरा बारुला कीराको संरक्षण गर्नुपर्छ ।
- ☐ खनिज तेल वा एट्सो १० देखी २० मिली प्रतिलिटर पानीमा मिसाई बोट भिज्ने गरि १०-१२ दिनको फरकमा छर्नु पर्दछ ।
- ☐ फुलफुल्नु अगाडि डाइमेथोयट ३०% ईसी १ एम.एल.प्रित लीटर पानीमा मिसाई छकर्ने गर्नुपर्छ ।

## ५.सिट्रस सिल्ला (Citrus Psylla)

**पहिचान**

वयस्क कीरा सानो नरम र खैरो हुन्छ । यसको पछाडीको भाग करिब ४५ डिग्री कोणमा ठाडो पारेर पातमा बसेको हुन्छ । पखेटा पारदशर्क र तिनमा सेतो थोप्ला हुन्छन् । बच्चाहरु मसिना र पहेँलो रङ्गका हुन्छन् । यो कीरा धेरै टाढा उड्न सक्दैन । यसको फुल अलि गाढा रंगको हुन्छ । यो कीरा १५ देखी ८० दिन सम्म मात्र बाच्न सक्दछ ।

**क्षतिका प्रकार**

यो कीरा ग्रीनीङ रोग लागेका बोटबाट रोगको संकाणु स्वस्थ बोटमा सार्ने का गर्दछ। यी कीराहरु अत्यन्त साना हुन् भएकोले पातमा सजिलै लुकेर बस्न सक्छन् र नयाँ पालुवाबाट रस चुस्छन्। त्यस्तै यी कीराले रस चुस्दा बिषालु पदार्थ भित्र छोड्ने भएकोले पातहरु गुजमुज भई क्षति पुग्दछ। त्यस्तै यी कीराले गुलियो पदार्थ निकालेर कालो ध्वाँसे रोग निम्त्याउन समेत मद्दत गर्दछ।

**व्यवस्थापन (Management Method)**

- ☐ सन्तुलित मलखादको प्रयोग गर्नुपर्दछ ।
- ☐ पहेँलो टासीने पासोको प्रयोग गरेर अनुगमन गर्नुपर्दछ ।
- ☐ लाही कीरा खाने मित्रजीव जस्तै स्त्री स्वभावका खपटे माकुरा बारुला कीराको संरक्षण गर्नुपर्छ ।
- ☐ खनिज तेल वा एट्सो १० देखी २० मिली प्रतिलिटर पानीमा मिसाई बोट भिज्ने गरि १०-१२ दिनको फरकमा छर्नु पर्दछ ।

- ☐ फुलफुल्नु अगाडि डाइमेथोयट ३०% ईसी १ एम.एल.प्रित लीटर पानीमा मिसाई छकर्ने गर्नुपर्छ ।

## ६.पातको झिँगा (Leaf miner)

### पहिचान

वयस्क पुतली सानो सेतो फुस्रो रङ्गको हुन्छ । वयस्क पुतली सानो सेतो रङ्गको अगाडिको पखेटामा खैरो धर्साहरु हुन्छ भने पछाडिको भाग सेतो हन्छ । लार्भाहरु सुलुक्क परेको हल्का हरियो पातमा टल्कने सुरुङ्ग बनाएर बस्ने गर्दछ। पोथि झिँगाले पातको तल्लो पट्टि फुल पार्ने गर्दछ।

### क्षतिका प्रकार

लार्भाहरु कलिलो पातहरुमा टल्किने सुरुङ्ग बनाएर हरियो भाग खादै बस्ने गर्दछ।यसले खाएको पातहरु सेतो र खुम्चिएको देखिन्छ र भित्र पट्टि सुरुङ्ग जस्तो धर्सा देखिन्छ। यसको थौरै संख्या हुदाँ खासै असर नगरे पनि धेरै संख्यामा विरुवाको स्वास्थ बिगार्छ। कलिलो फलमा समेत सुरुङ्ग बनाएर फल झार्ने गर्दछ। यसले क्याङ्कर रोग हुनमा समेत मद्दत गर्दछ।

### व्यवस्थापन (Management Method)

- ☐ गाईको मल र पिसाब बाट बनेको झोल मल १ लिटर प्रति ३ लिटर पानिमा मिसाई छर्ने ।
- ☐ पहेँलो पासोको प्रयोग गर्नुपर्छ ।
- ☐ सुर्ती र साबुनको क्रमश १५० ग्राम र २ मुठि धुलो प्रति लिटर पानीमा मिसाएर छर्ने ।
- ☐ पालुवा आउना साथ डेल्टामेथ्रिन २८% ई.सी. (डेसिस) विषादी २ मिलि प्रति लीटर पानीमा मिसाई छर्ने वा रोगर ०.०३ प्रतिशत छर्ने ।
- ☐ खनिज तेल वा एट्सो १० देखी २० मिली प्रतिलिटर पानीमा मिसाई बोट भिज्ने गरि १०-१२ दिनको फरकमा छर्नु पर्दछ ।

